(सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल

# २०८२ माघ १ गते देखि २०८२ चैत्र मसान्त सम्म सम्पादन गरिएका मुख्य मुख्य क्रियाकलापहरु (तेस्रो त्रैमासिक)

## (स्वतः प्रकाशन)


गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

**प्रदेश जनस्वास्थ्य कार्यालय,**

**जोमसोम, मुस्ताङ, नेपाल**

सम्पर्क नं. : ०६९-४४००८८

ई-मेल : dhomustang88@gmail.com

## १. मुस्ताङ जिल्लाको संक्षिप्त परिचय

गण्डकी प्रदेशको उत्तरपट्टी अवस्थित हिमाल पारीको जिल्ला हो मुस्ताङ । विश्व मानचित्रमा मुस्ताङ जिल्लाको अवस्थिति २८ डिग्री ३३ मिनेट ५१ सेकेण्ड देखि २९ डिग्री १९ मिनेट ५२ सेकेण्ड उत्तरी अक्षांस र ८३ डिग्री २८ मिनेट ५४ सेकेण्ड देखि ८४ डिग्री १४ मिनेट ५८ सेकेण्ड पूर्वि देशान्तरको वीचमा अवस्थित छ । पूर्वमा मनाङ जिल्ला, पश्चिममा डोल्पा जिल्ला, उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्वत र दक्षिणमा म्याग्दी जिल्ला पर्ने यस जिल्लाको कुल क्षेत्रफल ३५७३ वर्ग कि.मी. रहेको छ । जुन नेपालको कुल क्षेत्रफलको २.४२ प्रतिशत हो । राष्ट्रिय जनगणना २०७८ अनुसार १४,४५२ जनसंख्या रहेको यस जिल्लाको जनघनत्व ४ जना प्रति वर्ग कि.मि. रहेको छ र वार्षिक जनसंख्या वृद्धिदर ०.६९ प्रतिशत रहेको छ । जिल्लाको सदरमुकाम जोमसोम समुन्द्र सतहदेखि २,७१० मीटर उचाइमा रहेको छ । समुन्द्र सतहदेखि २०१० मीटर (घाँसा) देखि ८१६७ मीटर (धौलागिरी) उचाईमा रहेको मुस्ताङ जिल्लाको हावापानी सुख्खा ठण्डा रहेको छ । धवलागिरी र निलगिरी दुई अग्ला हिमशिखरको वीचमा अवस्थित यो जिल्ला हिन्दू र वौद्ध तिर्थयात्रीहरुको पावन भूमि, पवित्र कृष्ण गण्डकी प्रवाहित हुने पकृतिको अनुपम दृष्य भएको, पर्यटकको लागि मनमोहक एवं सुन्दर रहेको छ । मुख्य गरी गुरुङ्ग र थकाली समुदायको वसोवास रहेका यस जिल्लाका अधिकांश मानिसहरु बौद्ध धर्मप्रति आस्थावान छन् । परापूर्व कालमा नेपाल र तिब्बत वीचको व्यापारिक मुख्य नाका रहेका यो क्षेत्रको सभ्यता यहाँ रहेको प्राचीन गुफाहरू र वस्तिहरूको पुरातात्विक उत्खननबाट समेत ३००० वर्षभन्दा अगाडिको रहेको पुष्टि हुन आएको छ । तिब्बतीयन संस्कृतिबाट प्रभावित यस क्षेत्रको उत्तरी भेक, पर्यटकहरुको लागि, अनुसन्धानकर्ताहरुको लागि अतिनै महत्वपूर्ण तथा आर्कषणको केन्द्र रहेको छ । मुस्ताङ जिल्ला अन्तर्गत ५ गाउँपालिकाको ५/५ वटा वडाहरु सहित जम्मा २५ वडा र १ संघिय निर्वाचन क्षेत्र र २ प्रदेश निर्वाचन क्षेत्र रहेको छ ।

### राष्ट्रिय जनगणना २०७८ विवरण


| क्र.सं. | स्थानीय तहको नाम | वडा संख्या | घरपरिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | पुरुष जनसङ्ख्या | महिला जनसङ्ख्या | क्षेत्रफल (वर्ग कि.मि.) | स्थानीय तहको केन्द्र |
|---|---|---|---|---|---|---|---|---|
| १ | थासाङ गाउँपालिका | ५ | ८३२ | २८५६ | १४५४ | १४०२ | २८९ | कोवाङ |
| २ | घरपझोङ गाउँपालिका | ५ | ११२७ | ३७१२ | १९४३ | १७६९ | ३१६ | जोमसोम |
| ३ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | ५ | ७२३ | २०३६ | १०१५ | १०२१ | ८८४ | कागवेनी |
| ४ | लो-घेकर दामोदरकुण्ड गाउँपालिका | ५ | ४३६ | १२९२ | ६०९ | ६८३ | १३४५ | चराङ |
| ५ | लोमन्थाङ गाउँपालिका | ५ | ४८८ | १४३० | ६४३ | ७८७ | ७२३ | लोमन्थाङ |
| | संस्थागत | | ६८ | ३१२६ | २२७० | ८५६ | | |
| | मुस्ताङ जिल्ला | २५ | ३६७४ | १४४५२ | ७९३४ | ६५१८ | ३५५७ | |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल

## २. निकायको स्वरुप र प्रकृति

यस हिमाली जिल्ला मुस्ताङको घरपझोङ गाउँपालिका-४, जोमसोममा अवस्थित प्रदेश जनस्वास्थ्य कार्यालय, जोमसोम, मुस्ताङ देश संघियताको ढाँचामा गए संगै वि.सं. २०७५ मा स्थापना भई गण्डकी प्रदेश सरकार अन्तर्गत कार्यरत छ । कार्यालय आफ्नो जग्गामा रहेको तिन तले पक्की भवनमा व्यवस्थित रुपमा संचालनमा रहेको छ । यस कार्यालयले गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको माध्यमबाट मुस्ताङ जिल्लाको समग्र स्वास्थ्य स्थितिलाई सुधार गर्नको लागि यहाँका पाँच वटै स्थानीय तहहरुबाट प्रदान गरिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवामा सहजिकरण, समन्वय र सहकार्य गर्दै कार्य संचालन गर्दै आएको छ । स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृदिका लागि विभिन्न तालिमहरु संचालन गर्नुका साथै जनस्वास्थ्यका विभिन्न कार्यक्रमहरुको कार्यान्वयनको स्थलगत सुपरीवेक्षण, अनुगमन गरि सुधारका लागि सुझाव पनि प्रदान गर्दछ । यसका साथै स्वास्थ्य कार्यालयको कार्य विवरण भित्र रहेका विविध कार्य सम्पादन गर्दै आइरहेको छ । यस जिल्लामा १ सरकारी अस्पताल, १ प्राथमिक स्वास्थ्य सेवा केन्द्र, १५ स्वास्थ्य चौकी, ४ आधारभूत स्वास्थ्य सेवा केन्द्र र ३ सामुदायिक स्वास्थ्य ईकाइ गरि २४ स्वास्थ्य संस्था अन्तर्गत २४ गाउँघर क्लिनिक, २५ खोप केन्द्र र १३६ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु छन् ।




गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल

## ३. कार्यालयको काम कर्तव्य र अधिकार

यस कार्यालयको कार्यविवरण निम्नानुसार रहेको छ :

१) प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक सेवासँग सम्बन्धित जनस्वास्थ्य कार्यक्रमहरु (स्वास्थ्य शिक्षा, मातृ तथा नवशिशु स्वास्थ्य, बाल स्वास्थ्य, खोप, पोषण, परिवार नियोजन, किशोर किशोरी स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोग, मानसिक रोग, जलवायु परिवर्तनद्वारा सिर्जित रोगको रोकथाम/नियन्त्रण/निवारण/उन्मूलन, स्वास्थ्य शिविर, ज्येष्ठ नागरिक स्वास्थ्य लगायत अन्य) को योजना निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने ।

२) स्थानीय तहबाट सञ्चालन गर्नुपर्ने स्वास्थ्य कार्यक्रमहरुको योजना निर्माणमा सहयोग गर्ने, स्थानीय तहसँग समन्वय गरी स्वास्थ्य कार्यक्रमहरुको कार्यान्वयन गर्ने र स्थानीय स्वास्थ्य समस्याहरु समाधान गर्नका लागि सहजीकरण गर्ने ।

३) जिल्लामा रहेका स्वास्थ्य संस्थामा आवश्यक पर्ने औषधी, खोप तथा औषधीजन्य स्वास्थ्य सामग्रीको परिमाण निर्धारण तथा पूर्वानुमान गरी खरिद, भण्डारण (कोल्ड चेन व्यवस्थापन) तथा वितरण एवं स्वास्थ्यजन्य फोहोरको व्यवस्थापन गर्ने ।

४) सर्ने तथा नसर्ने रोगहरुको नियमित रुपमा स्कृनिङ गरी रोगहरुको एकीकृत रुपमा निगरानी (पब्लिक हेल्थ सर्भीलेन्स) गर्ने ।

५) विपद् तथा महामारीको अवस्थाको लागि पूर्वतयारी, जोखिमको न्यूनीकरण, रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्ने ।

६) एक स्वास्थ्य रणनीतिको आधारमा नयाँ तथा पुनः देखिएका रोगहरु, कीटजन्य एवम् जुनोटिक रोगहरुको सम्बन्धित निकाय तथा अन्तर तह बीच समन्वय गरी रोकथाम र नियन्त्रण गर्ने ।

७) स्वास्थ्य सम्बन्धी तथ्याङ्कको नियमित विश्लेषण गरी एकीकृत विद्युतीय अभिलेख र प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्ने ।

८) मापदण्ड बमोजिम जिल्ला भित्रका स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति प्रदान, नविकरण, अनुगमन एवं नियमन गर्ने ।

९) स्वास्थ्यकर्मीको प्राविधिक क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने ।

१०) सूर्तीजन्य पदार्थ, मदिरा र लागुपदार्थजन्य वस्तुको नियन्त्रण तथा नियमन सम्बन्धी कार्य गर्ने ।

११) "सबै नीतिमा स्वास्थ्य" को अवधारणा अनुरुप स्वास्थ्यका बृहत निर्धारक तत्वलाई सम्बोधन गर्न बहुक्षेत्रीय सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने ।

१२) स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान गरी स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी र स्वास्थ्य योजनालाई तथ्यपरक बनाउने ।

१३) प्रदेशको स्वास्थ्य सेवा सुदृढीकरणका लागि आवश्यक नीति, ऐन, निर्देशिका, कार्यविधि, मापदण्ड, प्रोटोकल आदिको निर्माण, कार्यान्वयन र अद्यावधिक गर्न मन्त्रालयलाई सहयोग गर्ने ।

१४) आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अनुगमन तथा कार्यान्वयनमा सहजीकरण गर्ने ।

१५) मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन गर्ने ।

१६) औषधी निगरानी, औषधीको उचित प्रयोग र प्रतिजैविक प्रतिरोध न्यूनीकरण सम्बन्धी कार्य गर्ने ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल

१७) वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा पेशागत स्वास्थ्य सम्बन्धी कार्य गर्ने ।

१८) जनसङ्ख्या व्यवस्थापन तथा बसाईँसराइ सम्बन्धी कार्य गर्ने ।

१९) आन्तरिक प्रशासन (आर्थिक, प्रशासनिक) सम्बन्धी कार्य गर्ने ।

२०) प्रदेश सरकारबाट तोकिएका एवं प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्यहरु गर्ने ।

## ४. कार्यालयको कर्मचारीको संख्या र विवरण

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | व/जनस्वास्थ्य अधिकृत | ७/८ तह | स्वास्थ्य | हे.ई | १ | २ | ० | १ जना छात्रवृत्ती करार |
| २ | हे.अ वा सो सरह | ५/६/७ | स्वास्थ्य | हे.ई | १ | १ | ० | |
| ३ | तथ्यांक सहायक | ५/६ | आ.यो.त. | तथ्यांक | १ | १ | ० | |
| ४ | प.हे.न | ५/६/७ | स्वास्थ्य | क.न. | १ | १ | ० | |
| ५ | ल्याब टेक्निसियन | ५/६/७ | स्वास्थ्य | मे.ल्या.टे | १ | ० | १ | |
| ६ | बरिष्ठ लेखा सहायक | ५/६ | प्रशासन | लेखा | १ | १ | ० | |
| ७ | बरिष्ठ प्रशासन सहायक | ५/६ | प्रशासन | सा.प्र. | १ | ० | १ | |
| ८ | कोल्ड चेन | ४/५/६ | स्वास्थ्य | हे.ई | १ | १ | ० | |
| ९ | कार्यालय सहयोगी | श्रेणी बिहिन | प्रशासन | सा.प्र. | २ | २ | ० | १ करार सेवा |
| १० | हलुका सवारी चालक | श्रेणी बिहिन | ईन्जिनियर | मे.ई | १ | १ | ० | करार सेवा |
| | जम्मा | | | | ११ | १० | २ | |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | कर्मचारीको नाम | पद | शाखा तथा जिम्मेवारी |
|---|---|---|---|
| १ | विद्या तामाङ | व.ज.स्वा.अ | कार्यालय प्रमुख |
| २ | मोहदत्त ढकाल | व.ज.स्वा.नि. | सूचना अधिकारी, बालरोग व्यवस्थापन (IMNCI), उपचारात्मक सेवा कार्यक्रम |
| ३ | पारसमोदी पंगेनी | ज.स्वा.अ. | पोषण कार्यक्रम, नसर्ने रोग तथा महामारी व्यवस्थापन, एम्बुलेन्स, स्वास्थ्य शिक्षा, सूचना तथा संचार कार्यक्रम, खानेपानी, एड्स तथा यौन रोग कार्यक्रम |
| ४ | शुष्मा सेन | प.हे.न.नि. | मातृ तथा नवशिशु कार्यक्रम, परिवार योजना तथा किशोरकिशोरी कार्यक्रम, प्रजनन् रूग्णता कार्यक्रम, उच्च भेगीय कार्यक्रम, नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कयिक्रम, हात्तीपाइले रोग नियन्त्रण, स्टोर शाखा तथा PAMS v2 |
| ५ | राजन पहाडी | स.त.अ. | तथ्याङ्क, eHMIS/DHIS 2, स्वास्थ्य व्यवस्थापन कार्यक्रम, प्रशासन, न्यूनतम सेवा मापदण्ड (MSS), क्षयरोग कार्यक्रम, अपाङ्गता रोकथाम तथा कुष्ठरोग कार्यक्रम |
| ६ | दिपा वली | व.ले.स. | आर्थिक प्रशासन शाखा |

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय प्रदेश जनस्वास्थ्य कार्यालय जोमसोम, मुस्ताङ, नेपाल

| | | | |
|---|---|---|---|
| ७ | सम्झना बुढा | को.चे.अ. | कोल्ड चेन व्यवस्थापन, खोप कार्यक्रम |
| ८ | विर बहादुर घले | ह.स.चा. | सवारी चालक |
| ९ | सम्झना किसान | का.स. | कार्यालय सरसफाई, सुरक्षा र अन्य काममा सहयोग |
| १० | अरूणा विश्वकर्मा | का.स. | कार्यालय सरसफाई, सुरक्षा र अन्य काममा सहयोग |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

| क्र. सं. | सेवाको विवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा प्राप्त गर्दा पेश गर्नुपर्ने कागजातहरु | जिम्मेवार कर्मचारी/फाँट |
|---|---|---|---|---|---|
| | | समय | शुल्क | | |
| १ | खोप सेसन संचालनको लागि तोकिएका खोप केन्द्रबाट खोप सेवा संचालनका लागि राष्ट्रिय खोप कार्यक्रम अन्तर्गतका भ्याक्सिन वितरण | १ घण्टा | - | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | खोप फोकल पर्सन/कोल्डचेन |
| २ | स्वास्थ्य कार्यक्रम संचालनका लागि आवश्यक कमोडिटिज जस्तै परिवार नियोजनका साधन, भिटामिन ए, आईरन चक्की आदि वितरण | १ घण्टा | - | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | सम्बन्धित स्टोर फोकल व्यक्ति |
| ३ | अत्यावश्यक औषधी तथा औषधीजन्य सामग्री र HMIS/LMIS तथा अन्य फारम वितरण | २-३ घण्टा | - | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | स्टोर/तथ्याङ्क |
| ४ | क्षयरोग, कुष्ठरोग, हात्तिपाइले, HIV/AIDS कार्यक्रम सँग सम्बन्धित औषधी तथा सामग्री वितरण | १ घण्टा | - | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | सम्बन्धित फोकल व्यक्ति |
| ५ | महामारी/विपतको समयमा आवश्यक पर्ने औषधी, सामग्री वा अन्य व्यवस्थापन कार्यका साथै रोगको सर्भिलेन्स गर्ने | १ घण्टा ३० मिनेट | - | स्थानीय तहको अनुरोध पत्र वा आधिकारिक सूचना | RRT फोकल व्यक्ति |
| ६ | कार्यालयमा हुने गतिविधिहरु बारे सूचना उपलब्ध गराउने | १-२ घण्टा | - | सूचना माग गर्ने व्यक्ति वा निकायको आधिकारिक अनुरोध वा निवेदन | तथ्याङ्क, प्रशासन, लेखा वा सम्बन्धित फाँटहरु |

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल

| क्र. सं. | सेवाको विवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा प्राप्त गर्दा पेश गर्नुपर्ने कागजातहरु | जिम्मेवार कर्मचारी/फाँट |
|---|---|---|---|---|---|
| | | समय | शुल्क | | |
| ७ | नर्सिङ होम, निजी स्वास्थ्य संस्था स्वीकृति, नवीकरण तथा नियमन गर्ने | १५ दिन | स्वास्थ्य संस्था संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संसोधन सहित) मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन शुल्क | संस्था स्वीकृतिका लागि पेश गर्नु पर्ने सम्बन्धी मापदण्डमा उल्लेख भएका कागजातहरु | संस्था स्वीकृति तथा नियमन गर्ने/प्रशासन |
| ८ | क्षेत्रका २५ देखि २०० शैयाका अस्पताल, डेण्टल क्लिनिक, आखाँ उपचार केन्द्र, रेडियो ईमेजिङ्ग सेन्टर लगायतका नीजि स्तरका स्वास्थ्य संस्थाको प्रस्तावको विस्तृत अध्ययन, अनुगमन गरी प्रादेशिक स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पेश गर्ने | १५ दिन | स्वास्थ्य संस्था संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संसोधन सहित) मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन शुल्क | स्वास्थ्य संस्था संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संसोधन सहित) मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन | संस्था स्वीकृति तथा नियमन गर्ने/प्रशासन |
| ९ | परिवार नियोजन तथा सुरक्षित मातृत्व सम्बन्धी जानकारी | तुरुन्तै | - | मौखिक वा लिखित अनुरोध | परिवार नियोजन तथा सुरक्षित मातृत्व कार्यक्रम फोकल पर्सन |
| १० | बालस्वास्थ्य तथा पोषण सम्बन्धी जानकारी | तुरुन्तै | - | मौखिक वा लिखित अनुरोध | बालस्वास्थ्य तथा पोषण कार्यक्रम फोकल पर्सन |
| ११ | प्रयोगशाला सम्बन्धी जानकारी एवम् खानेपानी परीक्षण तथा वातावरणीय परीक्षण | १ दिन | - | मौखिक वा लिखित अनुरोध | प्रयोगशाला |
| १२ | जनस्वास्थ्य सेवा सम्बन्धी संघ, प्रदेश र स्थानीय तहमा समन्वय कार्य सँग सम्बन्धित कार्य | १ घण्टा | - | मौखिक वा लिखित अनुरोध | प्रशासन |

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

ऐन, कानुनले निर्दिष्ट गरे बमोजिम कार्यालय प्रमुखले गर्ने

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

कार्यालय प्रमुख

## ९. सम्पादन गरेको कामको विवरण :

- कार्यालयको आर्थिक तथा प्रशासनिक, व्यवस्थापन सम्बन्धी कामकाजहरु
- नियमित खोप सेवा र आकस्मिक अबस्थामा प्रदेश तथा जिल्लाबाट भ्याक्सिन, खोप सामग्री र खोप तथा सरसफाई प्रवर्द्धनसँग सम्बन्धित अन्य सामाग्रीको ब्यवस्थापन, वितरण तथा ढुवानी
- एच पि भि खोप अभियान सञ्चालनको लागि सुक्ष्मयोजना, सरोकारवालाहरूसँग अन्तरकृया तथा बहस पैरवी लगायतका कृयाकलाप सञ्चालन
- एच पि भि खोप अभियान सञ्चालन
- औषधि, उपकरण, परिवार नियोजनका साधन, पोषण सामाग्री, एच एम आइ एस टुल्सहरू लगायत सम्पूर्ण सामाग्रीहरू जिल्लामार्फत ढुवानी
- स्वास्थ्य कार्यक्रमहरूको अर्धवार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी सञ्चालन
- तथ्याङ्क गुणस्तर सुधारका लागि स्वास्थ्य कार्यालयबाट स्थानीय तह एवं स्वास्थ्य संस्थाहरूमा एल एम आइ एस, एच एम आई एस र डि एच आई एस सम्बन्धी अनसाइट कोचिङ
- स्वास्थ्य कार्यक्रमहरुको नियमित अनुगमन र सुपरभिजन
- क्षयरोग कार्यक्रमको औषधि, ल्याब सामाग्री तथा अन्य बस्तु ढुवानी, ल्याव गुणस्तर सुधार, क्युसीका लागि LQAS विधिबाट स्लाइड संकलन
- विश्व क्षयरोग दिवस मनाउने
- थासाङ-५, छयोमा कुष्ठरोग विरामी सक्रिय खोजपड्ताल र विश्व कुष्ठरोग दिवस मनाएको
- स्वास्थ्य चौकी (आधारभूत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड सम्वन्धि पारस्परिक अवलोकन भ्रमण तथा सुद्रिधिकरण
- आधारभूत औषधिको Quantification तथा Forecasting गोष्ठी सञ्चालन
- विद्यालय नर्स कार्यक्रम निरन्तरता
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि यातायात तथा संचार खर्च वितरण
- क्लिनिकल coaching mentoring कार्यक्रम सञ्चालन
- घरमा सुत्केरी हुने दर उच्च रहेका स्थानीय तहका तथा रणनैतिक स्थानका बर्थिङ सेन्टर सुदृढीकरणका लागि औजार उपकरण खरिद
- ASRH सम्बन्धी अभिमूखीकरण
- लामो अवधिको परिवार योजना सेवा सञ्चालन
- प्रजनन् स्वास्थ्य रूग्णता सम्बन्धी स्कृनिङ शिविर सञ्चालन
- उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत घाँसामा High Altitude Sickness Treatment Centre बाट २ जना स्वास्थ्यकर्मीहरुद्वारा सेवा प्रवाह

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल

- उच्च भेगीय स्वास्थ्य सेवा सम्बन्धी तालिम सञ्चालन
- आईएमएनसिआई स्थलगत अनुशिक्षण कार्यक्रम
- स्वास्थ्यकर्मीहरूलाई समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम तालिम (Basic CBIMNCI Training- ६ days) सञ्चालन
- कार्यालयको फेसबुक पेज र वेबसाइट सञ्चालन
- स्वास्थ्य संस्थाहरुको सहयोगमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन
- विज्ञापन तथा सूचना प्रकाशन, स्वास्थ्यका विभिन्न विषयहरू सम्बन्धि संचार
- एचआईभी सम्बन्धी लान्छना तथा भेदभाव कम गर्न जनप्रतिनिधि, पत्रकार, प्रहरी, समूहमा, स्कुलहरुमा अभिमुखीकरण संचालन
- फाल्गुण महिनालाई नसर्ने रोग सम्बन्धी महिनाको रुपमा अभियान चलाएको
- मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगको स्क्रिनिङ तथा रोकथाम कार्यक्रम सञ्चालन
- नसर्ने रोग रोकथाम एवं नियन्त्रण तथा मानसिक स्वास्थ्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम
- मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम
- महामारी एवं विपदको पूर्वतयारी, रोग नियन्त्रण तथा उपचारका लागि औषधि, कीट तथा अन्य औषधिजन्य सामग्रीको व्यवस्थापन
- एम्वुलेन्स सेवा समितिको बैठक तथा सरोकारवाला बीच समीक्षा तथा अभिमुखिकरण
- संघ र प्रदेशको तालिमहरुमा स्थानीय तह अन्तर्गतका स्वास्थ्यकर्मी छनौट गरी पठाएको
- संघ र प्रदेशसँग समन्वय तथा मार्गनिर्देशन अनुसार कामकाज गरेको

## १०. कार्यालय प्रमुख र सुचना अधिकारीको विवरण :

| सि.नं. | नाम,थर | पद | जिम्मेवारी | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्या तामाङ | वरिष्ठ जनस्वास्थ्य अधिकृत | कार्यालय प्रमुख | ९८५७६५०६८८ | |
| २ | मोहदत्त ढकाल | वरिष्ठ जनस्वास्थ्य निरीक्षक | सूचना अधिकारी | ९८५७६५०४८८ | |


## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :


- नेपालको संविधान २०७२
- गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९
- गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९
- जनस्वास्थ्य सेवा ऐन, २०७५
- जनस्वास्थ्य सेवा नियमावली, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- प्रदेश आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७८
- भ्रमण खर्च नियमावली, २०६४


गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल

- गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८
- गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयको प्रदेश खर्चको मापदण्ड, २०७९
- नेपाल सरकार, अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१ (नवौं संस्करण)
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ मा प्रदेशबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन
- गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयको आ.व. २०८२/८३ मा प्रदेश जनस्वास्थ्य कार्यालयहरुबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८२ (प्रदेश स्रोत तर्फ)
- गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयको आ.व. २०८२/८३ मा प्रदेश जनस्वास्थ्य कार्यालयहरुबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८२ (विशेष अनुदान तर्फ)

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरणः




गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल

| प्रदेश जनस्वास्थ्य कार्यालय , जोमसोम , मुस्ताङ | वार्षिक लक्ष्य | | | हालसम्मको भौतिक प्रगति | | | हालसम्मको खर्च | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | परिमाण | बजेट | भार | परिमाण | भार | प्रतिशत | रकम रू | प्रतिशत |
| प्रदेश जनस्वास्थ्य कार्यालय (पुँजिगत) [३७००१०१६४] | २ | ६००००० | १.७४ | १ | ०.५८ | ३३.३ | ० | ०.० |
| प्रदेश जनस्वास्थ्य कार्यालय (विशेष अनुदान पुँजिगत) [३७००१०१६४] | १ | ५००००० | १.४५ | १ | १.४५ | १००.० | ४३६८४६ | ८७.४ |
| प्रदेश जनस्वास्थ्य कार्यालय (चालु) [३७००१०१६३] | ३५७२ | १९४४६००० | ५६.५० | १५६३ | ३८.७५ | ६८.६ | ८०२५९७०.७ | ४१.३ |
| प्रदेश जनस्वास्थ्य कार्यालय (विशेष अनुदान चालु) [३७००१०१६३] | १० | १०७०००० | ३.११ | ६ | २.३८ | ७६.६ | ३५६९५५ | ३३.४ |
| स्वास्थ्य व्यवस्थापन कार्यक्रम (संघ सशर्त) [३७०९१०१७३] | १५ | १४००००० | ४.०७ | ९ | २.५६ | ६३.० | ६२५६६५ | ४४.७ |
| उपचारात्मक सेवा कार्यक्रम (संघ सशर्त) [३७०९१०१९३] | ४ | १५००००० | ४.३६ | २ | २.१८ | ५०.० | ४८५३५५ | ३२.४ |
| परिवार कल्याण कार्यक्रम (संघ सशर्त) [३७०९१०१४३] | ४८ | ७००२००० | २०.३४ | २५ | ९.४४ | ४६.४ | १२१५५५५ | १७.४ |
| राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र (संघ सशर्त) [३७०९१०१८३] | ६ | ३००००० | ०.८७ | ३ | ०.४४ | ५०.० | ७८५४० | २६.२ |
| महामारी रोग नियन्त्रण कार्यक्रम (संघ सशर्त) [३७०९१०१५३] | २ | ७९६००० | २.३१ | ० | ०.०० | ०.० | ० | ०.० |
| नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कर्यक्रम (संघ सशर्त) [३७०९१०२०३] | २ | ६६६००० | १.९३ | ० | ०.०० | ०.० | ० | ०.० |
| क्षयरोग नियन्त्रण (संघ सशर्त) [३७०९१०१२३] | ६ | ३६०००० | १.०५ | ३ | ०.३७ | ३५.४ | ७२४२५ | २०.१ |
| अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम (संघ सशर्त) [३७०९१०१६३] | २ | ७०००० | ०.२० | १ | ०.१० | ५०.० | २३८७० | ३४.१ |
| एड्स तथा यौन रोग नियन्त्रण (संघ सशर्त) [३७०९१०१३३] | ६ | २१०००० | ०.६१ | ४ | ०.४२ | ६८.३ | ९२८७० | ४४.२ |
| स्वास्थ्य क्षेत्र सुधार कर्यक्रम (संघ सशर्त) [३७०९१०११३] | १ | ५००००० | १.४५ | ०.७५ | १.०९ | ७५.० | १८६३०३ | ३७.३ |
| जम्मा | ३६७७ | ३४४२०००० | १०० | १६१८ | ५९.७६ | ५९.८ | ११६००३५५ | ३३.७ |

## १३. कार्यालयको वेवसाइटको विवरणः

- https://homustang.gandaki.gov.np/

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल

१४. कार्यालयमा परेको सुचना माग सम्बन्धी निवेदन र सो उपर दिएको विवरणः

नरहेको

१५. कार्यालयको सुचना अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरणः

- वार्षिक प्रतिबेदन, वेबसाइट, Facebook Page र जिल्लास्थित संचार माध्यमबाट

..................
तयार गर्ने
मोहदत्त ढकाल
वरिष्ठ जनस्वास्थ्य निरीक्षक

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
जोमसोम, मुस्ताङ, नेपाल

..................
प्रमाणित गर्ने
विद्या तामाङ
कार्यालय प्रमुख